### श्री न्याय परिषदको सचिवालयमा पेश गरेको
### उजुरी निवेदन

(क) **उजुरकर्ताको नाम, थर, वतन र भए टेलिफोन वा मोबाईल नम्बर वा ईमेल ठेगानाः** मोहन बहादुर शाक्यको छोरा का.जि.का.म.न.पा. वडा नं ३३ मैतिदेवीमा घर भई हाल ल.जि.ल.म.न.पा. वडा नं २५ भैंसेपाटी बस्ने वर्ष ४२ का दिपक शाक्य (ना.प्र.न. २२००/१०११०, काठमाडौं)( फोन नं. [redacted])

(ख) **आरोपित न्यायाधीशको नाम, थर र अदालतः** माननीय न्यायाधीश श्री हरिप्रसाद कोइराला, ललितपुर जिल्ला अदालत।

(ग) **उजुरीको विषयः**

न्याय परिषद ऐन, २०७३ ("ऐन") को दफा १०(घ) बमोजिम मुद्दाको कारवाही गर्दा कानूनको स्पष्ट र असंदिग्ध अर्थलाई उपेक्षा गरी अर्कै व्याख्या वा अर्थ गरी कारवाही गरेको र ऐनको दफा १०(झ) बमोजिम पदीय दायित्व निर्वाह गर्नका लागि अपेक्षित स्तरको कार्यक्षमता नरहेको पुष्टि हुने गरी आदेश गरेको हुँदा माननीय न्यायाधीशको कार्यक्षमताको अभाव रहेको छ। साथै, ऐनको दफा १२(क) बमोजिम मुद्दालाई अनुचित रुपमा प्रभाव पार्ने मनसायले मुद्दामा आदेश गरी बदनियतपूर्वक कार्य गर्नु भएको छ।

(घ) **उजुरीको विवरणः**

मिति २०८२/०३/०८ मा म निवेदक दिपक शाक्य लगायत मेरा साथी सर्वज्ञ शम्शेर ज.व.रा तथा रस्मी सिंह महर्जन बिहान अं. ४:०० बजेको समयमा स्नानेपा स्थित भोकमाण्डुमा खाई फर्कने क्रममा महेन्द्र रावल, धर्मराज खड्का, कार्बन नाम गरेको मानिस र मोहन खड्काले मेरो साथी रस्मी सिंह महर्जनसँग सार्वजनिक बाटोमा अमानवीय व्यवहार गर्दै गर्दा म निवदेकले जथाभावी व्यवहार नगर्नुहोस भन्दै सम्झाउँदा निजहरुले हुलदंगा गरी ज्यानमार्ने मनसायले मलाई बियरको बोतल र हेलमेट समेतले मेरो टाउकामा हानेकाले म गम्भीर घाईते भई सुमेरु सिटी अस्पताल पुल्चोकको ICU मा ४/५ दिन

उपचार गराएको थिएँ। निजहरुले बियरको बोतल र हेलमेटले मेरो टाउकामा हानेको CCTV footage मा समेत रेकर्ड भएको छ। मिति २०८२/०३/१० मा उक्त अस्पतालले जारी गरेको घाउ जाँच केश फारममा समेत *"Physical assult hit by helmet, unknown objects"* तथा Intracranial Hemorrhage भई Severe Injury भएको भनी उल्लेख गरिएको छ। यसरी निज व्यक्तिहरुले ज्यानमार्ने नियतले मलाई प्रहार गरी म निवदेक गम्भीर घाईते भएको हुँदा मिति २०८२/०३/१० मा अस्पतालबाटै मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिम ज्यान मार्ने उद्योग अन्तर्गत जाहेरी लेखाई दस्तखत गरी जिल्ला प्रहरी परिसर ललितपुरमा पठाएको थिएँ।

यसरी जाहेरी दरखास्त दायर भए पश्चात कसुरदार मध्येका महेन्द्र रावल र धर्मराज खड्कालाई तत्कालै जरुरी पक्राउ पुर्जी जारी गरी प्रहरी कार्यालय ललितपुरले पक्राउ गरी ललितपुर जिल्ला अदालत समक्ष जरुरी पक्राउको स्वीकृतिको लागि पेश गर्दा माननीय न्यायाधीश हरिप्रसाद कोइरालाले उक्त कसूरदारहरुलाई मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५(२) बमोजिम पक्राउ स्वीकृति दिन मनासिब नदेखिएको भनी आदेश गर्नु भएको छ। तर उक्त आदेशमा मनासिब नदेखिनुको आधार कारण भने उल्लेख गर्नु भएको छैन।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(७) मा जरुरी पक्राउ पुर्जी जारी गरी कुनै व्यक्ति पक्राउ भएकोमा मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति प्राप्त नगरेको अवस्थामा त्यस्तो कसूरसँग सम्बन्धित अन्य अनुसन्धान सम्बन्धी कारबाही गर्न सकिने छैन भनी व्यवस्था गरिएको छ। माननीय न्यायाधीश हरिप्रसाद कोइरालाको आदेशले गर्दा मैले दायर गरेको जाहेरी उपरको अनुसन्धान सम्बन्धी कारबाही नै रोकिएको अवस्था छ। यसरी CCTV footage, घाउजाँच केश फारम समेतले जाहेरी दरखास्तलाई पुष्टी गरेको अवस्थामा कसूरको गाम्भिर्यतालाई नजरअंदाज गरी माननीय न्यायाधीशले कसुरदारहरुको पक्राउ स्वीकृति दिनु मनासिब देखिएन भनी आदेश गर्नु ऐनको दफा १०(घ) बमोजिम कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई उपेक्षा गरी अर्कै व्याख्या वा अर्थ गरी कारबाही गरेको र कुनै आधार कारण उल्लेख नै नगरी पक्राउ स्वीकृति दिनु मनासिब देखिएन भनी उल्लेख गरेको आदेश, दफा १०(झ) बमोजिम पदीय दायित्व निर्वाह गर्नका लागि अपेक्षित स्तरको कार्यक्षमता नरहेको पुष्टि हुने कार्य रहेको हुँदा माननीय न्यायाधीश हरिप्रसाद कोइरालामा कार्यक्षमताको अभाव रहेको प्रष्ट छ। यसरी प्रथमदृष्टिमै कसुरदारहरुले कसूर गरेको वस्तुपरक प्रमाण CCTV footage, ICU मा उपचार गर्नु परेको र घाउ जाँच फारम रहेको अवस्थामा पनि माननीय न्यायाधीशले कुनै यथोचित आधारकारंण बिना पक्राउ स्वीकृति नदिने कार्य ऐनको दफा १२(क) बमोजिम मुद्दालाई अनुचित रुपमा प्रभाव पार्ने मनसायले बदनियतपूर्वक कार्य गर्नु भएको छ।

